# नेपालमा भाषिक नीतिको तर्जुमा

## गैरसङ्घीय विकल्प स्थानीय आवश्यकता सम्बोधन गर्न उपयुक्त हुन सक्छ


EYE UBIQUITOUS/REX FEATURES

काठमाडौँनजिकैको एक प्राथमिक विद्यालयमा आफ्नो पाठ्यपुस्तकमाथि ध्यानमग्न छात्रा । नेपालमा प्राथमिक वा आधारभूत शिक्षा विद्यार्थीको मातृभाषामा प्रदान गर्ने नीति रहे तापनि यसको कार्यान्वयन भने हालसम्म हुन सकेको छैन ।

सुजित चौधरी

नेपालका नयाँ संविधान निर्माताहरूका लागि भाषा एउटा महत्त्वपूर्ण मुद्दा हुनेछ ।

विगत ६० वर्षयता नेपालका छिमेकी देशहरूमा भाषिक राष्ट्रवाद पनि संवैधानिक विकासलाई निर्देशन गर्ने एक प्रमुख सवाल बन्दै आएको छ । स्वतन्त्र हुनुअघि भारतमा उर्दूभाषी सम्भ्रान्त वर्गद्वारा नेतृत्व गरिएको राजनीतिक आन्दोलनले अन्ततः भारतको विभाजन निम्त्यायो । भारतको संविधान अनुमोदनताका हिन्दी भाषालाई एकमात्र राष्ट्रिय आधिकारिक भाषाका रूपमा स्थापित गर्ने प्रयासले त्यहाँको संविधानसभामा सबैभन्दा जटिल विवाद सृजना गऱ्यो । सन् १९५० र १९६० तिर गैरहिन्दी भाषीहरूको मागका कारण भारतले त्रैभाषिक नीति अपनायो तसर्थ भाषिक आधारमा राज्यहरूको स्थापना पनि हुन पुग्यो ।

दक्षिण एसियाका अन्य राष्ट्रहरूभन्दा भारत केही हदसम्म भाषिक विवादहरूको व्यवस्थापन गर्न सफल देखिएको छ । श्रीलङ्कामा सन् १९५० देखि भाषामा आधारित राष्ट्रियता त्यहाँको जातीय द्वन्द्वको केन्द्रबिन्दुमा रहेको छ । सिंहाला भाषालाई सरकारी सेवा र सार्वजनिक रोजगारीमा औपचारिक भाषाका रूपमा प्रयोग गर्ने निर्णयपछि त्यहाँका तामिल भाषी समुदायलाई भाषिक अधिकार, सङ्घीयता र अन्ततः पृथक् राज्यको तीव्र माग गर्न मद्दत पुऱ्यायो । तामिल भाषी समुदायको मागलाई प्रत्यक्ष सम्बोधन नगरी गरिने द्वन्द्वको अन्तिम समाधान विफल हुने प्रबल सम्भावना छ । पाकिस्तानका सम्बन्धमा पनि भाषिक विषय एक संवेदनशील मुद्दा रहिआएको छ । स्वतन्त्रतालगत्तै पूर्वी र पश्चिमी पाकिस्तानबीच विद्यमान थुप्रै विवादमध्ये भाषिक विवाद प्रमुख थियो । उर्दू भाषालाई पाकिस्तानको आधिकारिक भाषाका रूपमा प्रयोग गर्नुका साथै बङ्गाली भाषालाई अपमान गर्ने नीतिले गर्दा पूर्वी पाकिस्तान पश्चिमी पाकिस्तानबाट छुट्टिएर बङ्गलादेशको स्थापना भयो ।

गलत भाषिक नीति अवलम्बन गर्दा चर्को मूल्य चुकाउनुपर्ने स्थिति पनि आउन सक्छ । निश्चित रूपमा नेपाल र अन्य दक्षिण एसियाली मुलुकबीच महत्त्वपूर्ण ऐतिहासिक भिन्नता छन् । भारत, पाकिस्तान र श्रीलङ्कामा भाषिक राष्ट्रियता त्यहाँको उपनिवेशसँग सम्बन्धित भए पनि इतिहास र राष्ट्र निर्माणसँग अन्योन्याश्रित सम्बन्ध राख्दछ । उपनिवेश कालमा अङ्ग्रेजी भाषा सार्वजनिक प्रशासनमा प्रयोग हुने मुख्य भाषा थियो र केही सीमित सम्भ्रान्त वर्गले मात्र उक्त भाषा बोल्थे । स्वतन्त्रता प्राप्तिपछि उपनिवेशकालीन भाषाका रूपमा अङ्ग्रेजी भाषाले यो भूमिका निर्वाह गर्न सक्दैनथ्यो । एउटा भाषा जुन बहुसङ्ख्यक मानिसहरूले बोल्थे र सजिलैसित सिक्न सकिन्थ्यो त्यस्तो भाषाले राजनीतिक र आर्थिक जीवनको प्राणका रूपमा भूमिका निर्वाह गर्नुपर्थ्यो । वास्तवमा प्रजातन्त्रलाई सुदृढ गर्न यस्तो भाषाको आवश्यकता पनि थियो । त्यसका विपरीत नेपाल कहिल्यै पनि औपनिवेशिक शासनअन्तर्गत आएन र यसको प्रजातन्त्रको अनुभव पनि सीमित मात्रामा छ । त्यसैले नेपालको भाषिक राजनीतिमा माथि उल्लिखित मुद्दाहरूले कुनै भूमिका खेलेका छैनन् ।

### सरकारी कामकाजको भाषाको निर्क्योल

यद्यपि नेपालमा भाषा संवैधानिक विवादको स्रोतका रूपमा रहेको छ । दक्षिण एसियाका अन्य छिमेकी देशमा जस्तै नेपाल भाषिक रूपमा ज्यादै विविधतायुक्त छ । नेपालमा

**सुजित चौधरी** क्यानडाको टोरन्टोस्थित युनिभर्सिटी अफ टोरन्टोको कानुन सङ्कायका सह-डीन हुन्

कम्तीमा पनि ९० भाषा बोलिन्छन् । नेपाली भाषा देशको कुल जनसङ्ख्याको ४८ प्रतिशत जनताको मातृभाषा हो । यसबाहेक नेपालमा अन्य भाषाहरु पनि धेरै नै बोलिन्छन् । मधेसमा १२.३ प्रतिशत जनताले मैथिली भाषा बोल्छन् । त्यस्तै ७.५३ प्रतिशत जनताले भोजपुरी बोल्छन् । यसबाहेक जनजाति समुदायले बोल्ने भाषाहरुमध्ये थारु र तामाङ भाषीको सङ्ख्या सबभन्दा अधिक छ ।

नेपालको संविधान, २०४७ ले देशभित्र बोलिने सबै भाषाहरुलाई मान्यता दिनुका साथै ती भाषाहरुबीचको भिन्नता पनि रेखाङ्कन गरेको थियो । सो संविधानको धारा ४ (१) मा उल्लेख छ : "नेपालभित्र बोलिने सबै भाषाहरु नेपालका राष्ट्रिय भाषा हुन् ।" तर संविधानको भाग ४ (२) मा यस्तो उल्लेख छः "देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।" अन्तरिम संविधानको धारा ५ मा सोही कुरा उल्लेख छ । तर नेपाली भाषालाई एकमात्र सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिने नेपालको संविधान २०४७ का प्रावधानलाई नेपालको सर्वोच्च अदालतले स्थानीय तहमा बोलिने अन्य भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिने नगरपालिकाको अधिकार विपरीत भएको व्याख्या गऱ्यो ।

नेपाली भाषालाई सरकारी कामकाजको एकमात्र भाषाका रुपमा मान्यता दिने प्रावधानले विशेष गरी मधेसी समुदायमा ठूलो असन्तुष्टि सृजना गऱ्यो । संविधानको भाषासम्बन्धी यस प्रावधानबाट असन्तुष्ट समूहहरुले यस प्रावधानले उनीहरुलाई निजामती सेवामा पहुँचका लागि बाधा पुऱ्याएको ठान्दछन् । तराईमा काम गर्ने अधिकांश निजामती कर्मचारीहरु नेपालीभाषी पहाडीहरु छन् जो स्थानीय जनताहरुसित स्थानीय भाषामा बोलचाल गर्न असक्षम छन् वा चाहँदैनन् । यसका अतिरिक्त ऐतिहासिक रुपमा भाषा नागरिकतासँग सम्बन्धित विवादमा फसेको पाइन्छ । अन्त्यमा धेरै पहाडियाहरु मधेसीहरुलाई नेपालीभन्दा भारतीय भएको ठान्छन् र उनीहरुलाई आफ्नै देशको नागरिकका रुपमा व्यवहार गर्दैनन् । यो कुरा नेपालको संविधान, २०४७ को धारा ९ मा नेपाली नागरिकतासम्बन्धी नियममा प्रतिबिम्बित भएको छ । यस नियमानुसार नेपाली अङ्गीकृत नागरिकले नेपाली भाषा राम्रोसँग लेख्न र बोल्न जानेको हुनुपर्छ । यो कुरा नेपाली



REUTERS/GOPAL CHITRAKAR

उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा सपथ लिएको विरोधमा राँके जुलुस निकाल्दै विद्यार्थीहरु । उपराष्ट्रपति झा यसअघि मधेसी जनअधिकार फोरमका वरिष्ट नेता हुनुहुन्थ्यो । मधेसी जनअधिकार फोरमले हिन्दी भाषालाई तराईको भाषाका रुपमा औपचारिक मान्यता दिइनुपर्ने माग गर्दैआएको छ ।

महिला नागरिकका पतिको हकमा पनि लागु हुने उल्लेख छ । फलस्वरुपः पुस्तौँदेखि नेपालमा बसोबास गरिरहेका धेरै मधेसीहरु नागरिकताबाट वञ्चित छन् ।

### भाषिक विविधतालाई स्थान

मधेसको स्वार्थलाई परिपोषण गर्ने राजनीतिक दलहरुको उदयले भाषा एक जल्दोबल्दो संवैधानिक मुद्दा हुने निश्चित छ । यस कुरालाई समाधान गर्न वास्तवमा नेपालमा दुई प्रश्नहरुमाथि छलफल हुनु आवश्यक छ । पहिलो प्रश्न हो सरकारी कामकाजको भाषा भन्नाले के बुझाउँछ र दोस्रो प्रश्न हो संविधानको बनोटले भाषिक विविधतालाई कसरी प्रतिबिम्बित गर्छ ।

राज्यलाई सरकारी भाषाको आवश्यकता किन पर्छ ? राज्यहरु जातीय र धार्मिक रुपमा तटस्थ रहेजस्तै भाषिक रुपमा तटस्थ हुन सक्दैनन् । राज्यहरुले एक वा सीमित भाषाहरुको समूहलाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिनैपर्ने हुन्छ । राज्यले आफ्नो कामकाज सञ्चालन गर्न, सार्वजनिक सेवा प्रदान गर्न, नीतिनियम बनाउन, विद्यालय सञ्चालन गर्न, संसद्मा बहस गर्न र कानुन निर्माण गर्न सरकारी भाषाको आवश्यकता पर्छ नै । राज्यले सरकारी भाषाको चयन गर्दा त्यसले पछि गएर आर्थिक र राजनीतिक शक्तिको बाँडफाँडमा पार्न सक्छ । यसले गर्दा आर्थिक रुपमा शैक्षिक अवसर, आर्थिक कल्याण र सार्वजनिक क्षेत्रको रोजगारीमा सरकारी भाषा बोल्ने समुदायलाई सुविधाजनक पहुँच प्राप्त हुन्छ भने त्यसको विपरीत अन्य भाषाभाषी समुदायलाई यस्तो सुविधाजनक पहुँचमा बाधा पुऱ्याउँछ । राजनीतिक रुपमा भन्ने हो भने सरकारी मान्यता प्राप्त भाषा बोल्ने समुदायले सार्वजनिक पदमा सुविधाजनक प्रवेश पाउँछन्; जसका माध्यमबाट विधायिका, अदालत तथा प्रशासन यन्त्रजस्ता सार्वजनिक शक्तिका निकायमा उनीहरुको पहुँच र शक्ति स्थापना हुन जान्छ । त्यसकारणले सरकारका भाषासम्बन्धी नीतिहरु दक्षिण एसियामा जस्तै नेपालजस्तो बहुभाषिक देशमा द्वन्द्वको स्रोत हुन सक्छन् ।

यदि कुनै भाषाले सरकारी भाषाका रुपमा मान्यता प्राप्त गरेमा उक्त भाषा सबै सरकारी वा राज्यका क्रियाकलापमा समान रुपले व्यवहार गरिनुपर्छ वा गर्न सकिन्छ भन्ने मान्यता रहेको पाइन्छ । तर संविधान लेखनको प्रयोजनका लागि सरकारी कामकाजको भाषाको छनोटलाई भिन्नभिन्न धेरै पृथक् संस्थागत परिवेशमा विभाजन गर्नु उपयोगी हुनेछ । यी प्रत्येक भाषिक छनोटको कार्यक्षेत्र तथा छनोटका परिणामहरु फरकफरक हुन्छन् ।

### सञ्चारको सरलता

उदाहरणका रुपमा कुनै एक भाषालाई सरकारको आधिकारिक भाषा भनेर जनाउनुभन्दा सार्वजनिक सेवाको भाषा र सरकारको आन्तरिक कामकाजको भाषा भनेर भिन्नता कायम गर्नु उपयोगी हुन सक्छ ।

बहुभाषिक समाजमा निजामती सेवामा प्रयोग हुने भाषा भाषिक द्वन्द्वको केन्द्रबिन्दुका रूपमा रहिआएको छ । यसका अतिरिक्त सरकारले कुन भाषा प्रयोग गर्ने हो त्यसको छनौटको क्षेत्र फराकिलो छ । सैद्धान्तिक रूपमा भन्ने हो भने भाषा चयनको आधार क्षेत्र अत्यन्त फराकिलो छ किनकि सरकारले आफ्ना नागरिकहरूसित धेरै भाषाका माध्यमबाट सूचना आदानप्रदान गर्न सक्छ र यस प्रयोजनका लागि प्रयोग गरिने सबै भाषाहरूले सरकारी भाषासरहको मान्यता राख्छन् ।

यस विपरीत सरकारको आफ्नो आन्तरिक प्रयोजनका लागि भाषाको छनोटको क्षेत्र सीमित हुन्छ । यसरी व्यावहारिक दृष्टिकोणबाट हेर्दा राज्यले आन्तरिक कामकाजका लागि एकभन्दा बढी भाषाको प्रयोग गर्न अव्यावहारिक हुन जान्छ । सरकारले आन्तरिक काम गर्न एकभन्दा बढी भाषाको प्रयोग गरेमा निजामती कर्मचारीबीच सञ्चार गर्न अप्ठ्यारो हुन्छ । बहुभाषिक प्रशासनमा एउटामात्र भाषा बोल्ने वा बुझ्न सक्ने कर्मचारी वर्गका लागि भाषा अनुवादको व्यवस्था गर्न पनि झन्झटिलो र खर्चिलो हुन्छ । नेपालजस्तो विकासोन्मुख मुलुकका लागि त झन् यस्तो व्यवस्था मिलाउन जटिल हुने देखिन्छ । यस्तो परिवेशमा प्रशासनिक दृष्टिकोणबाट भाषिक एकता (एउटै भाषाको प्रयोग) गर्न बढी आवश्यक हुन्छ । सार्वजनिक प्रशासनमा प्रयोग हुने भाषाको हकमा भाषिक एकरूपता झन् बढी आवश्यक हुन्छ भने सार्वजनिक सेवाका क्षेत्रमा एकभन्दा बढी भाषाको प्रयोग गर्न सकिने सम्भावना रहेको हुँदा भाषिक एकरूपताको आवश्यकता त्यति टड्कारो रूपमा पर्दैन ।

आन्तरिक कामकाजका लागि प्रयोग गरिने भाषाको छनोटले भाषिक राजनीतिलाई बढाएको छ किनभने भाषाको छनोटले सार्वजनिक अवसरहरूमा अत्यन्त ठूलो प्रभाव पार्दछ । यसका अतिरिक्त विस्तृत सार्वजनिक क्षेत्र भएको आर्थिक प्रणालीमा आन्तरिक कामकाजको भाषाको छनोटले निजी क्षेत्रमा मापदण्ड निर्धारकको भूमिका निर्वाह गर्छ किनकि निजी क्षेत्रका संस्थाले निजामती कर्मचारीसँग सूचना आदानप्रदान गर्नुपर्ने आवश्यकता हुन्छ ।

### भाषिक सङ्घीयताको कार्यान्वयन

सङ्घीयताका सन्दर्भमा भाषिक नीतिको तर्जुमा विषयसँग सम्बन्धित दोस्रो मुद्दाले आधिकारिक भाषिक नीति तथा सङ्घीयताका बीचको सम्बन्धसित सरोकार राख्दछ । केही विज्ञहरूले सङ्घीयतालाई बहुसरकारी भाषानीति कार्यान्वयन गर्ने एउटा माध्यमका रूपमा लिएको पाइन्छ । यसको चरम रूपमा केन्द्रीय सरकार र यसका उपशाखा, जसलाई कहिलेकाहीँ सङ्घीय प्रान्त पनि भनिन्छ, ले सरकारी भाषाको छनोटमा असीमित अधिकार राख्दछन् । यसरी केन्द्रीय सरकार र सङ्घीय एकाइहरूले छनोट गरेका सरकारी भाषा फरकफरक हुन सक्छन् । यस्तो अवस्थामा केन्द्र र सङ्घीय एकाइबीच सञ्चारका लागि माध्यम भाषाका रूपमा एउटा तेस्रो भाषाको आवश्यकता पर्दछ, जस्तैः अङ्ग्रेजी । यो भारतीय अभ्यास हो । यसमा फरकफरक अभ्यासहरु पनि हुन सक्छन् । जस्तै संविधानले नै सङ्घीय एकाइहरूलाई थुप्रै भाषाहरूमध्ये कुनै एक भाषालाई सरकारी भाषाका रूपमा प्रयोग गर्ने छनोटको अधिकार दिन सक्छ । यसमा सङ्घीय एकाइहरूले संविधानमा उल्लेख गरिएका विभिन्न भाषामध्ये कुनै एक भाषालाई सरकारी कामकाजको भाषाका रूपमा छान्न सक्नेछन् । अथवा संविधानले नै केन्द्रीय सरकारले कुन भाषा प्रयोग गर्ने भन्ने तोकिदिएर त्यसबाहेक अन्य भाषा छनोट गर्ने जिम्मा एकाइको सरकारलाई नै दिन पनि सक्छ । यी प्रत्येक प्रावधानअन्तर्गत सङ्घीय एकाइभित्र बसोबास गर्ने अल्पसङ्ख्यक भाषिक समुदायलाई निश्चित जनसङ्ख्या पुगेका अवस्थामा उनीहरूको मातृभाषामा शिक्षा हासिल गर्न पाउने अधिकार दिइएको हुन्छ ।

दक्षिण एसियाभर भाषालाई सङ्घीयतासँग जोडेर हेर्ने व्यापक परिपाटी रहेको पाइन्छ । भारतीय एकाइहरूको भाषाका आधारमा पुनर्संरचना, पूर्वी पाकिस्तान पश्चिमी पाकिस्तानबाट अलग्गिनु र श्रीलङ्कामा तमिल भाषी बहुसङ्ख्यक जनताका लागि एउटा छुट्टै राज्यको माग आदि यसका उदाहरण हुन् । फलस्वरूप नेपालमा धेरै सरकारी भाषाको अवलम्बन र सङ्घीय संरचनाको अवलम्बनसँगसँगै अघि बढ्ने भन्ने अनुमान गरिएको छ ।

सङ्घीयता र बहुसरकारी भाषाबीचको सम्बन्ध आंशिक रूपमा सरकारी भाषाको मान्यतालाई खण्डित गर्न सकिँदैन भन्ने अनुमानमा आधारित छ । तर सरकारी भाषाको छनौट कुनै निश्चित क्षेत्रमा एउटा मुद्दाका रूपमा आउन सक्छ भन्ने तथ्यलाई स्वीकार गरेमा भाषिक सङ्घीयता मात्र संवैधानिक विकल्प नहुने कुरा प्रस्ट छ । सङ्घीय संविधानबाहेक पनि थुप्रै सरकारी भाषालाई प्रयोग गर्न सम्भव हुन्छ । जस्तै, कुनै एउटा केन्द्रीय सरकारले सार्वजनिक सेवाका क्षेत्रमा देशभर स्थानीय जनसङ्ख्यालाई मध्यनजर गरेर विभिन्न भाषामा सेवा प्रदान गर्न सक्छ ।

त्यस्तै कुनै एक केन्द्रीय न्यायपालिकाले पनि यस्तै प्रणाली अपनाउन सक्छ । जस्तैः पर्याप्त कानुनी शब्दावली भएको कुनै एक एकाइको भाषामा न्यायालयले आफ्नो काम कारवाही सञ्चालन गर्न सक्छ । त्यस्तै प्राथमिक शिक्षाका हकमा पनि भन्न सकिन्छ । प्राथमिक शिक्षाले सङ्घीयता होस् या नहोस् मातृभाषामा शिक्षा लिन पाउने जनताको अधिकारलाई स्थापित गरेको हुन्छ ।

त्यसै गरी एकसाथ भाषा अनुवादकको प्रयोग गरी राष्ट्रिय विधायिकाले आफ्नो कामकारबाही विभिन्न सरकारी भाषामा सञ्चालन गर्न सक्छ । राष्ट्रिय विधायिकाले प्रयोग गर्ने भाषा सरकारले आन्तरिक कामकाजका लागि प्रयोग गर्ने भाषाभन्दा फरक हुन्छन् । विधायिकाले धेरै भाषाहरूको प्रयोग गर्न सक्छ भने राज्यसरकारले एक वा दुई भाषाको मात्र प्रयोग गर्न व्यावहारिक हुन्छ । गैरसङ्घीय संरचनामा नगरपालिका, क्षेत्रीय र जिल्ला सरकारले दुई भाषाको प्रयोग गर्न सक्छन् । यसअन्तर्गत स्थानीय सरकारले केन्द्र सरकारको सरकारी भाषाका साथै स्थानीय भाषामा पनि काम कारबाही सञ्चालन गर्न सक्छन् । जस्तै कोसोभो, मेसोडोनिया र फिनल्यान्ड ।

सरकारी र स्थानीय भाषाको प्रयोगसँग सम्बन्धित मिश्रित विकल्पहरु पनि छन् । यसअन्तर्गत राष्ट्रिय स्तरमा बहुभाषाको प्रयोग हुन सक्छ, जस्तै राष्ट्रिय विधायिकाले धेरै भाषामा आफ्नो काम सञ्चालन गर्नु । त्यस्तै सङ्घीय स्वरूपमा एकाइहरूले सरकारी भाषाका रूपमा आफैँ भाषाहरूको छनोट गर्न सक्नेछन्, जो केन्द्रीय सरकारी भाषाभन्दाभिन्न हुन सक्छन् ।

समग्रमा भन्नुपर्दा संवैधानिक ढाँचामा भाषिक नीतिलाई सम्बोधन गर्नुपर्दा नेपालसँग छनोट गर्ने थुप्रै विकल्पहरु उपलब्ध छन् । यसका अतिरिक्त भाषिक विविधता वा सङ्घीयताका सवालहरूको समाधानका लागि स्वशासनमा जोड दिइरहँदा सत्ता साझेदारीको पक्षलाई बिर्सन मिल्दैन । यदि नेपालले जनताको सार्वजनिक शक्तिमा उनीहरूको सहभागिता हुनुपर्ने साझा आकाङ्क्षालाई सम्बोधन गर्ने हो भने सङ्घीयताका साथसाथै केन्द्रीय सरकारको स्वरूपमा परिवर्तन गर्न पनि आवश्यक हुन्छ ।